# दिगो विकास लक्ष्य–२०३०





विभिन्न मन्त्रालयका लैङ्गिक सम्पर्क व्यक्तिहरूको सहभागिता रहेको

**"दिगो विकास लक्ष्यको कार्यान्वयनमा लैङ्गिक समानतालाई मूल प्रवाहिकरण नामक कार्यशाला"**

मितिः २०७२ फागुन १० र ११ गते

# दिगो विकास लक्ष्य
# २०30

राष्ट्रिय महिला आयोग
पृथ्वीपथ, काठमाण्डौ, ४४६१७

बियोण्ड बेइजिङ्ग कमिटी (बिबिसी), नेपाल
काठमाडौं–१०, बुद्धनगर, नयाँ बानेश्वर

सहयोगी संस्था

VSO

भिएसओ नेपाल, सानेपा, ललितपुर

**सम्पादन**

कृष्णकुमारी वाइबा, सचिव, बियोण्ड बेइजिङ्ग कमिटी (बिबिसी), नेपाल

**भाषा सम्पादन**

सुशीला श्रेष्ठ,उपाध्यक्ष, बियोण्ड बेइजिङ्ग कमिटी (बिबिसी), नेपाल

योगीस कृष्ण खरेल

**संयोजन**

रक्षा पौड्याल, कार्यक्रम व्यवस्थापक, बियोण्ड बेइजिङ्ग कमिटी (बिबिसी), नेपाल

**अनुवाद**

जयदेव गौतम

**ले–आउट**

मिरा दाहाल (गौतम)

**प्रकाशक**

**राष्ट्रिय महिला आयोग**

पृथ्वीपथ, काठमाण्डौ

**प्रकाशन**

पहिलो प्रकाशन– फेब्रुअरी २०१६

दोस्रो प्रकाशन – नोभेम्बर २०१६

**पुन: मुद्रण सहयोग** – यूएन वुमन

**बियोण्ड बेइजिङ्ग कमिटी (बिबिसी), नेपाल**

काठमाडौं–१०, बुद्धनगर, नयाँ बानेश्वर

जिपिओ बक्स: ४७५८, फ्याक्स नं.: ९७७–०१–४७८४५८०

फोन नं. ९७७–०१–४७८४६१५ र ४७८४५८०

Email: beyondbeijing@wlink.com.np, web: www.beyondbeijing.org

**मुद्रण:** कञ्चन प्रेस प्रा. लि.



शान्ता लक्ष्मी श्रेष्ठ

# प्रकाशकीय



मनु हुमागाँई के.सी.

सन् २००० मा विश्वभरीका १८९ राष्ट्र लगायत अन्तर्राष्ट्रिय संगठनहरूको नेता तथा प्रतिनिधिहरूको उपस्थितिमा ८ वटा मूख्य लक्ष्य निर्धारणगरी सन् २०१५ सम्ममा सहस्राब्दी विकास लक्ष्य हासिल गर्ने घोषणा गरेको थियो । जसले मानव अधिकार र हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरिबी र हिंसाबाट मुक्त जीवनको लागि वकालत गर्दै अधिकार प्राप्तिका लागि पहल गरेको थियो । ती उद्देश्यहरूलाई परिपूर्ति गर्न नागरिक समाज, नागरिक समाजका सङ्गठित संस्थाहरू, सरकारी निकायहरू, संयुक्त राष्ट्रसंघ लगायत अन्य सरोकारवाला निकाय तथा व्यक्तिहरू लागिपरेका थिए । तथ्याङ्कमा देखाए अनुसार गरिबी न्यूनीकरण र मातृस्वास्थ्यका क्षेत्रमा नेपालले उल्लेख्य प्रगति हासिल गरेको थियो । विगतको अनुभव र उपलब्धिको आधारमा लक्ष्य प्राप्तिको बाटोलाई पछ्याउन हामी सबैले प्रतिवद्धभई लाग्नु पर्नेछ ।

संयुक्त राष्ट्रसंघको साधारण सभाले गत २०१५ को सेप्टेम्बर महिनामा सन् २०१६ देखि २०३० सम्ममा दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उपलक्ष्यहरू पारित गरिएको थियो । यी लक्ष्यहरूले विशेष गरेर हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरिबीको

अन्त्य गर्दै स्वस्थ जीवन यापनका लागि पहल गर्नेछ र अति विपन्न र संकटाभिमूखहरूको आवश्यकता र सहस्राब्दी विकास लक्ष्यले पुरा गर्न नसकिएका र नसमेटिएका विकासका पक्षहरूलाई पनि पुरा गर्ने र समेट्ने छन् । दिगो विकासका लागि लैङ्गिक समानता अपरिहार्य छ । सन् २०३० सम्ममा लैङ्गिक समानता प्राप्तिका लागि लक्ष्य ५ मा मात्र केन्द्रित नभई अन्य १६ वटै लक्ष्यहरूमा लैङ्गिक समानताको मूलप्रवाहीकरण गर्न उत्तिकै जरूरी हुन्छ ।

नेपाल सरकार लगायत सबै निकायहरूले तय गरेका अवधारणा, मार्गदर्शन, नीति, योजना तथा कार्यक्रमलाई मूर्तरूप दिन व्यापक रुपमा प्रचार-प्रसार गर्दै जनचेतना जगाउने र सबैको सक्रिय सहभागीता गराउने कार्यको थालनी आम जनस्तरसम्म पुऱ्याई सन् २०३० सम्ममा दिगो विकास लक्ष्यले निर्धारण गरेको उपलब्धिहरू प्राप्त गर्न र लैङ्गिक समानता प्राप्त गर्न गराउन गाउँ, नगर, जिल्ला, क्षेत्र तथा राष्ट्रिय स्तरसम्म सम्वाद, अन्तरसम्वाद, सभा, सम्मेलन र कार्यशाला जस्ता कार्यक्रम आयोजना गर्न नितान्त आवश्यक छ । यसका लागि दिगो विकासका १७ लक्ष्य र उपलक्ष्यहरूलाई नेपालीमा अनुवाद गरि स्थानीय स्तरसम्म पुऱ्याउने जमर्को गरिएको छ ।

अन्त्यमा, यस पुस्तिका प्रकाशनका लागि सहयोग गर्नुहुने भीएसओ नेपाल (VSO Nepal), नेपाली भाषाका अनुवादक श्री जयदेव गौतम, अनुवादित प्रतिको भाषा सम्पादन गर्नुहुने बियोण्ड बेइजिङ्ग कमिटी (बिबिसी), नेपालका उपाध्यक्ष श्री सुशीला श्रेष्ठ, श्री योगीस कृष्ण

खरेल, सम्पादन गर्नुहुने बियोण्ड बेइजिङ्ग कमिटी (बिबिसी), नेपालका सचिव श्री कृष्णकुमारी वाइबा, संयोजन गर्नुहुने कार्यक्रम व्यवस्थापक श्री रक्षा पौड्याल, ढाँचा तयार गर्ने श्री मिरा दाहाल, मुद्रक कञ्चन प्रेस प्रा. लि. लगायत यस प्रकाशनका लागि सहयोग पुऱ्याउनु हुने सबै मा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

(शान्ता लक्ष्मी श्रेष्ठ)
अध्यक्ष
बियोण्ड बेइजिङ्ग कमिटी (बिबिसी),
नेपाल

(मनु हुमागाँई के.सी.)
कार्यवाहक अध्यक्ष
राष्ट्रिय महिला आयोग

# विषय सूची


**दिगो विकासका लक्ष्यहरू** **पेज नं.**

१. सबै किसिमका गरिबीको सर्वत्र अन्त्य गर्ने ....................११

२. भोकको अन्त्य, खाद्य सुरक्षा एवम् सुधार सहितको पोषण हासिल र दिगो कृषि प्रवर्धन गर्ने...............................१३

३. सबै उमेरका सबै जनाको स्वस्थ जीवन सुनिश्चित र उनीहरूको हित प्रवर्धन गर्ने ...................................१६

४. सबैका लागि समावेशी तथा स्तरीय शिक्षा सुनिश्चित र आजीवन सिकाइ प्रवर्धन गर्ने ..................................१९

५. लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला र बालिकाहरूलाई सशक्तीकरण गर्ने...............................२१

६. पानी र सरसफाइमा सबैको पहुँच सुनिश्चित गर्ने..............२३

७. पहुँचयोग्य, विश्वसनीय, दिगो एवम् आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने ...................................२५

८. सबैका लागि समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण रोजगारी र सम्मानजनक काम र प्रवर्धन गर्ने ..........................२६

९. प्रतिरोधी संरचना निर्माण गर्ने, दिगो औद्योगिकीकरण प्रवर्धन गर्ने र नयाँ विचारहरूलाई सबलीकरण गर्दै लाने.........२९

१०. देशभित्र र देशहरूबीचको असमानता कम गर्ने....................३१

११. सहरहरू र मानव बस्तीलाई समावेशी, सुरक्षित, प्रतिरोधी एवम् दिगो बनाउने...................................३३

१२. दिगो उपभोग एवम् उत्पादन ढाँचालाई सुनिश्चित गर्ने..........३५

१३. जलवायु परिवर्तन र यसका प्रभावविरुद्ध सङ्घर्ष गर्न अत्यावश्यक कार्ययोजना सञ्चालन गर्ने ........................३७

१४. महासागर, समुद्र र सामुद्रिक साधनस्रोतहरूको संरक्षण एवम् दिगो प्रयोग ..........................................३८

१५. वनजङ्गलको दिगो व्यवस्थापन, मरुभूमीकरण विरुद्ध सङ्घर्ष, भूमि क्षयीकरण रोक्ने र त्यसलाई उल्ट्याउने र जैविक विविधता ह्रासलाई रोक्ने.................४१

१६. दिगो विकासकालागि न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजहरू प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच गराउने र सबै तहमा प्रभावकारी, उत्तरदायी र समाबेशी संस्थाहरूको निर्माण गर्ने ........................................४४

१७. दिगो विकासका लागि विश्वव्यापी साझेदारी र यसको कार्यान्वयनलाई पुनःसशक्त बनाउने .............................४६

महिला समूह : एक परिचय*.................................... ५१

महिलामैत्री विपद् व्यवस्थापनका लागि


* दोश्रो प्रकाशनमा थपिएको

# उद्देश्य १. सबै किसिमका गरिबीको सर्वत्र अन्त्य गर्ने

१.१ हाल दैनिक १.२५ डलर प्रतिदिनभन्दा कम आयमा जीवन गुजारा गरिरहेका सर्वत्रका  मानिसमा रहेको अत्यधिक गरिबी सन् २०३० सम्म उन्मूलन गर्ने ।

१.२ राष्ट्रिय परिभाषा अनुसार गरिबीका सम्पूर्ण आयामभित्र रहेर जीवन बिताइरहेका सबै उमेरका पुरूष, महिला र बालबालिकाको अनुपात सन् २०३० सम्म कम्तिमा आधा घटाउने ।

१.३ अति निम्नस्तरमा रहेकाहरू समेत सबैका लागि राष्ट्रिय रूपमा उपयुक्त सामाजिक संरक्षण प्रणाली एवम् उपायहरू लागु गर्ने र सन् २०३० सम्म गरिब एवम् जोखिममा रहेका नि:सहायहरूलाई दिगो सम्बोधन गर्ने लक्ष्य हासिल गर्ने ।

१.४ सम्पूर्ण पुरूष एवम् महिलाहरू अझै विशेष गरि गरिब र जोखिमपूर्ण अवस्थामा रहेकाहरूको आर्थिक स्रोतहरूमा समान अधिकारका साथै आधारभूत सेवाहरू, जमिन तथा सम्पत्तिका अन्य संरचना/स्वरूपहरूमा नियन्त्रण एवम् स्वामित्व, विरासत, प्राकृतिक स्रोतसाधनहरू, उपयुक्त नयाँ प्रविधि र लघु वित्तसमेत वित्तीय सेवाहरूमा सन् २०३० सम्म पहुँच सुनिश्चित गर्ने ।

१.५ सन् २०३० सम्म गरिब तथा जोखिमपूर्ण अवस्थामा रहेका मानिसहरूमा प्रतिरोधी क्षमता विकसित गर्ने र जलवायु-सम्बन्धित चरम परिघटना तथा अन्य आर्थिक, सामाजिक एवम् वातावरणीय आघात र विपद्मा उनीहरूले सामना गर्नुपर्ने अवस्था र जोखिम घटाउने ।

१.क विशेष गरिअति कम विकसित देशहरू लगायत विकासोन्मुख देशहरूका लागि गरिबीका सम्पूर्ण आयाम अन्त्य गर्नका निम्ति पर्याप्त र पूर्व अनुमान अनुरूप साधन उपलब्ध गराउन सकियोस् भनेर परिवर्धित विकास सहयोगसमेत विविध किसिमका संसाधनबाट साधन स्रोतहरूको प्रभावकारी परिचालन सुनिश्चित गर्ने ।

१.ख गरिबी उन्मूलन कार्यहरूमा गरिने/हुने गतिशील लगानीलाई सहयोग गर्न गरिब-समर्थक तथा लैङ्गिक संवेदनशील विकास रणनीतिहरूमा आधारित राष्ट्रिय, क्षेत्रीय एवम् अन्तर्राष्ट्रियस्तरमा स्वस्थ नीतिगत संरचनाहरू निर्माण गर्ने ।

## उद्देश्य २. भोकको अन्त्य, खाद्य सुरक्षा एवम् सुधारसहितको पोषण हासिल र दिगो कृषि प्रवर्धन गर्ने

२.१ सन् २०३० सम्म भोकको अन्त्य गर्ने र शिशुहरूसहित विशेष गरि गरिब तथा जोखिमपूर्ण अवस्थामा रहेका सम्पूर्ण मानिसहरूका लागि, सुरक्षित, पोषणयुक्त एवम् पर्याप्त भोजनमा बर्षैभरि पहुँच सुनिश्चित गर्ने ।

२.२ सन् २०३० सम्म पाँच वर्षमुनिका बालबालिकाहरूमा देखिने कम उँचाइ र तौल हुने समस्याका सम्बन्धमा अन्तर्राष्ट्रियस्तरमै सहमति भएका लक्ष्यहरू सन् २०२५ सम्म हासिल गर्दै किशोरीहरू, गर्भवती एवम् स्तनपान गराउने आमा तथा वृद्धवृद्धाहरूका पौष्टिक आवश्यकताहरूलाई सम्बोधन गर्नुका साथै कुपोषणका सबै किसिम/स्वरूपहरूको अन्त्य गर्ने ।

२.३ सन् २०३० सम्म जमिन, अन्य उत्पादक साधनस्रोत तथा सुझाव, ज्ञान, वित्तीय सेवा, बजार र मूल्य अभिवृद्धि तथा गैरकृषि रोजगारका अवसरहरूमा सुरक्षित एवम् समान पहुँच स्थापना गर्नुका साथै विशेष गरिमहिला, आदिवासी जनजाति, किसान परिवार, पशु एवम् माछापालकहरू समेत साना स्तरका खाद्यान्न उत्पादकहरूको कृषि उत्पादकत्व तथा आय दोब्बर गर्ने ।

२.४ सन् २०३० सम्म, दिगो खाद्य उत्पादन प्रणालीहरू सुनिश्चित तथा प्रतिरोधीकृषि प्रविधिहरूको कार्यान्वयन गर्ने, जसले उत्पादकत्व एवम् उत्पादन वृद्धि गर्नेछ, पर्यावरण सन्तुलन राख्न सहयोग गर्नेछ, जसले जलवायु परिवर्तन, अनियमित मौसम, सुख्खा, बाढी एवम् अन्य विपद्हरूमा अनुकूलन अभिवृद्धि गर्न सहयोग गर्नुका साथै जमिन एवम् माटोको गुणस्तरमा क्रमशः सकारात्मक सुधार ल्याउनेछ ।

२.५ सन् २०२० सम्म राष्ट्रिय, क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय स्तरमा राम्ररी व्यवस्थित तथा विविधतापूर्ण बिउ र बिरूवा बैङ्कहरूमार्फत समेत बिउबिजन, खेतीपाती गरिएका/रोपिएका वनस्पति तथा फार्म हाउस र घरमा पालिएका जनावर एवम् तिनीहरूसँग सम्बन्धित जङ्गली जनावरहरूको आनुवंशिक विविधतामा सन्तुलन कायम गर्ने र अन्तर्राष्ट्रिय रूपमा सहमति भएअनुसार आनुवंशिक साधनस्रोत तथा यससँग सम्बन्धित परम्परागत ज्ञानको उपयोगबाट प्राप्त हुने लाभहरूको स्वच्छ एवम् समान बाँडफाँडमा पहुँचलाई प्रवर्धन गर्ने,

२.क विकासोन्मुख विशेष गरि अति कम विकसित देशहरूमा कृषि उत्पादन क्षमता अभिवृद्धि गर्न/गराउनका लागि आधारभूत ग्रामीण संरचना, कृषि अनुसन्धान एवम् विस्तार सेवा, प्रविधि विकास र वनस्पति तथा पशुवीर्य बैङ्कहरूमा विस्तारित अन्तर्राष्ट्रिय सहयोगमार्फत समेत लगानी बढाउने ।

२.ख *'दोहा विकास चरण'* को निर्णयादेश अनुरूप सबै स्वरूपका कृषि निर्यात सहुलियतहरू र सबै निर्यात मापदण्डहरू समान

प्रभाव रहने गरि समानस्तरको उन्मूलन गरि समेत विश्व कृषि बजारमा व्यापारिक बन्देज एवम् विकृतिहरूमा सुधार तथा रोकथाम गर्ने ।

२.ग खाद्यान्नको अत्यधिक अस्थिर  मूल्यलाई सीमित पार्न/स्थिर राख्न सघाउनका लागि खाद्यान्न भण्डारणमा समेत खाद्य वस्तु, बजार एवम् तिनका सह-उत्पादन क्षेत्रहरूमा समुचित कार्य भइरहेको र बजारसम्बन्धी सूचनामा समयानुकूल पहुँचमा सहजता सुनिश्चित गर्न आवश्यक मापदण्डहरू अपनाउने ।

## उद्देश्य ३. सबै उमेरका सबैजनाको स्वस्थ जीवन सुनिश्चित र उनीहरूको हित प्रवर्धन गर्ने

GOOD HEALTH AND WELL-BEING

३.१ सन् २०३० सम्म विश्वव्यापी मातृ-मृत्यु अनुपात दर प्रति १ लाख जीवित जन्ममा ७० भन्दा कममा झार्ने ।

३.२ सन् २०३० सम्म नवजात शिशु र ५ वर्ष मुनिका बालबालिकाको रोक्न सकिने मृत्युहरूको अन्त्य गर्ने, योसँगै सबै राष्ट्रहरू नवप्रसूति-मृत्यु अनुपात प्रति १,००० जीवित जन्ममा कम्तिमा १२ सम्म र ५ वर्षमुनिका बालबालिकाको मृत्यु दर प्रति १,००० जीवित जन्ममा कम्तिमा २५ सम्म झार्ने लक्ष्यसाथ अगाडि बढिरहेका छन् ।

३.३ सन् २०३० सम्म एचआइभी एड्स, क्षयरोग, मलेरिया र बेवास्ता गरिएका उष्णक्षेत्रीय रोगहरूजस्ता महामारीहरूको अन्त्य गर्ने र हेपाटाइटिस, पानीबाट उत्पन्न हुने रोग एवम् अन्य सरूवा रोगहरू विरूद्धको जुझाइजारी राख्ने ।

३.४ सन् २०३० सम्म रोकथाम तथा उपचारबाट नसर्ने रोगहरूबाट अकालमै हुने मृत्युहरू एकतिहाइले घटाउने र मानसिक स्वास्थ्य एवम् हित प्रवर्धन गर्ने ।

३.५ लागूपदार्थको दुरूपयोग एवम् मदिराको हानिकारक प्रयोग समेत लागूऔषध दुरूपयोगको रोकथाम तथा उपचारलाई सशक्त बनाउने ।

३.६ सन् २०२० सम्म सडक दुर्घटनाहरूबाट हुने मृत्यु र घाइतेहरूको विश्वव्यापी सङ्ख्या आधासम्म घटाउने ।

३.७ सन् २०३० सम्म परिवार नियोजन, सूचना तथा शिक्षा र प्रजनन-स्वास्थ्यको मुद्दालाई राष्ट्रिय रणनीति एवम् कार्यक्रमहरूमा एकीकृत गर्दै यौन तथा प्रजनन-स्वास्थ्य-स्याहार सेवाहरूमा विश्वव्यापी पहुँच सुनिश्चित गर्ने ।

३.८ वित्तीय जोखिम सुरक्षा, स्तरीय आवश्यक स्वास्थ्य-स्याहार सेवाहरूमा पहुँच र सबैका लागि सुरक्षित, प्रभावकारी, स्तरीय एवम् क्षमताले भ्याउने गरि अत्यावश्यक औषधी तथा खोपहरूमा पहुँचसमेत विश्वव्यापी स्वास्थ्य सेवाहरू हासिल गर्ने ।

३.९ विषाक्त रसायन र वायु, जल तथा माटो प्रदूषण एवम् विषाक्तताबाट हुने मृत्यु तथा रोगव्याधिहरूको सङ्ख्या सन् २०३० सम्म उल्लेखनीय मात्रामा घटाउने ।

३.क सबै मुलुकहरूमा *विश्व स्वास्थ्य सङ्गठनको सुर्ती नियन्त्रण संरचनासम्बन्धी महासम्मेलन*को कार्यान्वयनलाई समुचित तवरले सशक्त तुल्याउने ।

३.ख प्राथमिक तवरमा विकासोन्मुख देशहरूलाई प्रभावित पार्ने सरूवा तथा नसर्ने रोगहरू विरूद्ध खोप तथा औषधीहरूको

अनुसन्धान एवम् विकासलाई समर्थन गर्ने, व्यापार सम्बन्धी बौद्धिक सम्पत्तिमाथिको अधिकारबारे ट्रिप्स सहमतिले सार्वजनिक स्वास्थ्य, खास गरि औषधीमा सबैको सर्वसुलभ पहुँच सुरक्षित गर्नेबारे लचकता सम्बन्धी प्रावधानहरूको सम्पूर्ण प्रयोगलाई सुनिश्चित गर्ने ट्रिप्स सहमति एवम् सार्वजनिक स्वास्थ्यबारेको दोहा घोषणाले व्यवस्था गरेअनुरूप अत्यावश्यक औषधी र खोपमा पहुँच पुऱ्याउने ।

३.ग विकासोन्मुख देशहरू खास गरि अति कम विकसित देश र साना प्रायद्वीपीय विकासोन्मुख राज्यहरूमा स्वस्थ जनशक्तिको क्षेत्रमा स्वास्थ्य लगानी र यस क्षेत्रमा उनीहरूको भर्ना, विकास, प्रशिक्षण तथा थमौती समेतमा स्वास्थ्य वित्तीय लगानी उल्लेख्य रूपमा वृद्धि गर्ने ।

३.घ सबै विशेष गरि विकासोन्मुख देशहरूको पूर्वचेतावनी, जोखिम न्यूनीकरण र राष्ट्रिय तथा विश्वव्यापी स्वास्थ्य जोखिमविरूद्धको क्षमता सशक्त तुल्याउने ।

## उद्देश्य ४. सबैका लागि समावेशी तथा स्तरीय शिक्षा सुनिश्चित र आजीवन सिकाइ प्रवर्धन गर्ने

४.१ सन् २०३० सम्म सबै बालबालिकहरूले निःशुल्क, समानतामा आधारित एवम् स्तरीय प्राथमिक तथा माध्यमिक शिक्षा हासिल गरून्, जसले सान्दर्भिक तथा लक्ष्य ४ अनुरूप प्रभावकारी सिकाइ परिणाम प्राप्त होस् भन्ने सुनिश्चित गर्ने ।

४.२ सन् २०३० सम्म सबै बालिका एवम् बालकहरूको स्तरीय प्रारम्भिक बाल्यावस्था विकास, स्याहार र पूर्वप्राथमिक शिक्षामा पहुँच सुनिश्चित गर्ने, जसले गर्दा उनीहरू प्राथमिक शिक्षाका लागि तयार हुन सकून् ।

४:३ सन् २०३० सम्म विश्वविद्यालयसमेत स्तरीय प्राविधिक, व्यवसायिक र अन्य शिक्षामा सबै महिला र पुरूषहरूको समान पहुँच सुनिश्चित गर्ने ।

४:४ सन् २०३० सम्म सम्बन्धित क्षेत्रको दक्षता भएका, अझ प्राविधिक तथा व्यावसायिक दक्षतासमेत भएका युवा र वयस्कहरूको सङ्ख्या, रोजगार, सम्मानजनक नोकरी र उद्यममा उल्लेखनीय तवरले वृद्धि गर्ने ।

४:५ सन् २०३० सम्म शिक्षामा रहेको लैङ्गिक विभेद उन्मूलन गर्ने र अपाङ्गता भएका व्यक्तिहरू, आदिवासी जनजातिहरू र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकासमेत जोखिमको

स्थितिमा रहेका सबै मानिसहरूका निम्ति शिक्षाका सबै तह एवम् व्यावसायिक प्रशिक्षणमा समान पहुँच सुनिश्चित गर्ने ।

४.६. सन् २०३० सम्ममा सबै युवा तथा उलेख्य अनुपातमा वयस्कहरू, महिला तथा पुरूष दुबैले अक्षर र संख्या चिन्न सक्ने अवस्था सुनिश्चित गर्ने ।

४.७. सन् २०३० सम्म अन्य कुराका अतिरिक्त, शिक्षामार्फत दिगो विकास र दिगो जीवनशैली, मानव अधिकार, लैङ्गिक समानता, शान्ति र अहिंसाको संस्कृतिको प्रवर्धन, विश्व नागरिकता र सांस्कृतिक विविधता एवम् संस्कृतिले दिगो विकासमा पुऱ्याउन सक्ने योगदानको उच्च प्रशंसासमेत सबै सिकारूहरूले दिगो विकास प्रवर्धनका लागि आवश्यक ज्ञान र दक्षता हासिल गर्ने सुनिश्चित गर्ने ।

४.क बालबालिका, अपाङ्गता र लैङ्गिक संवेदनशील शैक्षिक संरचनाहरूको निर्माण र स्तरोन्नति गर्ने र सबैलाई सुरक्षित, अहिंसावादी, समावेशी एवम् सिक्ने/सिकाउने प्रभावपूर्ण वातावरण उपलब्ध गराउने ।

४.ख सन् २०२० सम्म विकासोन्मुख देशहरू: खास गरि अति कम विकसित देशहरू, साना प्रायद्वीपीय विकासोन्मुख राज्यहरू र अफ्रिकी देशहरूका लागि विकसित र अन्य विकासोन्मुख देशहरूमा व्यावसायिक तालिम तथा सूचना र सञ्चार प्रविधि, प्राविधिक, इञ्जिनियरिङ एवम् वैज्ञानिक कार्यक्रमहरूका लागि विश्वव्यापी रूपमा उपलब्ध छात्रवृत्तिहरूलाई उल्लेख्य रूपमा विस्तार गर्ने ।

## उद्देश्य ५. लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला र बालिकाहरूलाई सशक्तीकरण गर्ने

५.१ सबै ठाउँमा सबैतिर सबै महिला र बालिकाहरू विरूद्ध हुने सबै किसिमका भेदभावको अन्त्य गर्ने ।

५.२ महिला र बालिकाहरू विरूद्ध सार्वजनिक र निजी क्षेत्रमा हुने बेचविखन तथा यौनिक र अन्य किसिमका शोषणसमेत सबै किसिमका हिंसा उन्मूलन गर्ने ।

५.३ बालविवाह, कम उमेरमा र जबरस्ती विवाह तथा महिलाको योनी-उच्छेदन जस्ता हानिकारक प्रथाहरू उन्मूलन गर्ने ।

५.४ बिनाज्यालाको घरायसी कामलाई सार्वजनिक सेवा, पूर्वाधार विकास, सामाजिक सुरक्षा र पुरूषको सहभागितालाई बढावाद्वारा देशअनुसार उक्त काममा पुरूष सहभागिता बढाएर बराबरीमा पुऱ्याउनुपर्ने तथ्यलाई महत्व र पहिचान दिने ।

५.५ राजनीतिक, आर्थिक एवम् सार्वजनिक जीवनका सबै तहहरूमा नेतृत्वका लागि महिलाहरूलाई पूर्ण तथा प्रभावशाली सहभागिता एवम् समान अवसर सुनिश्चित गर्ने ।

५.६ *प्रोग्राम अफ एक्सन अफ दि इन्टरनेशनल कन्फरेन्स अन पपुलेसन एन्ड डिभलपमेन्ट र बेइजिङ कार्ययोजनाका*

समीक्षा बैठकहरूमा सहमति भएअनुसार यौनिक तथा प्रजनन-स्वास्थ्य एवम् अधिकारमा विश्वव्यापी पहुँच सुनिश्चित गर्ने ।

५.क महिलाहरूलाई आर्थिक साधनस्रोतहरूमा समान अधिकार दिनुका साथै जमिन तथा सम्पत्तिका अन्य स्वरूपहरू, वित्तीय सेवाहरू, विरासत र राष्ट्रिय ऐन कानुनअनुसारका राष्ट्रिय स्रोतहरूमा समान अधिकार दिने गरि सबैमा सुधार कार्य सञ्चालन गर्ने ।

५.ख महिलाहरूको सशक्तीकरण प्रवर्धन गर्नका लागि, प्रविधि, खास गरि सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा प्रविधिको प्रयोगलाई बढावा दिने ।

५.ग सबै तहका महिला र बालिकाहरूको सशक्तीकरण तथा लैङ्गिक समानताका लागि स्वस्थ नीति एवम् कार्यान्वयन गर्न सकिने नीतिहरू अङ्गीकार गर्दै त्यसलाई सबलीकृत गर्ने ।

# उद्देश्य ६. पानी र सरसफाइमा सबैको पहुँच सुनिश्चित गर्ने

6 CLEAN WATER AND SANITATION

६.१ सन् २०३० सम्म सबैका लागि सुरक्षित एवम् पहुँचयोग्य खानेपानी सेवामा विश्वव्यापी तथा समान पहुँच हासिल गर्ने ।

६.२ सन् २०३० सम्म सबैका लागि पर्याप्त तथा समान सरसफाइ एवम् स्वास्थ्यमा पहुँच हासिल गर्ने र विशेष गरि महिला र बालिकाहरू तथा जोखिमपूर्ण अवस्थामा रहेकाहरूका आवश्यकताहरूलाई विशेष दृष्टि पुऱ्याउँदै खुला दिसा पिसाबको स्थिति अन्त्य गर्ने ।

६.३ सन् २०३० सम्म प्रदूषण कम गर्दै पानीको गुणस्तरमा सुधार गर्ने, हानिकारक रसायन तथा सामग्रीहरूको उत्सर्जन कटौती गर्ने र जमिनमा पुर्ने (डम्पिङ) चलन उन्मूलन गर्ने, प्रशोधन नगरिएको प्रयोगहीन जलको अनुपात आधा कम गर्ने र विश्वव्यापीरूपमा सुरक्षित पुनर्प्रयोगलाई उल्लेख्य तवरमा वृद्धि गर्ने ।

६.४ सन् २०३० सम्म सबै क्षेत्र/सेक्टरमा जल प्रयोग क्षमतामा उल्लेख्य वृद्धि गर्ने र जल अभावलाई सम्बोधन गर्न पर्याप्त मात्रामा उपभोग्य दिगो जल आपूर्ति सुनिश्चित गर्ने तथा

जलको अभावमा पीडित भइरहेका मानिसहरूको सङ्ख्या उल्लेखनीय तवरले घटाउने ।

६.५ सन् २०३० सम्म उचित भए/मिलेसम्म सीमापार सहयोगमार्फत समेत सबै तह र स्तरमा एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम लागू गर्ने ।

६.६ सन् २०२० सम्म पहाड, जङ्गल, सिमसार, नदीनाला, जलभित्त (पानी सोस्ने चट्टान) र तालहरूसमेत जल-सम्बन्धित पर्यावरणलाई संरक्षित एवम् पुनर्स्थापन गर्ने ।

६.क सन् २०३० सम्म जल उत्पादन, जल-प्रशोधन, जलीय क्षमता, फोहर पानी प्रशोधन, पुनर्नवीकरण तथा पुनर्प्रयोग आदिसमेत विकासोन्मुख देशहरूलाई जल तथा सरसफाइ सम्बन्धी गतिविधि र कार्यक्रमहरूका लागि अन्तर्राष्ट्रिय सहायता तथा क्षमता निर्माण सहयोग विस्तार गर्ने ।

६.ख जल तथा सरसफाइ व्यवस्थापन सुधार कार्यमा स्थानीय समुदायको सहभागितालाई सहयोग एवम् सबलीकृत गर्ने ।

## उद्देश्य ७. पहुँचयोग्य, विश्वसनीय, दिगो एवम् आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने

7 AFFORDABLE AND CLEAN ENERGY

७.१ सन् २०३० सम्म पहुँचयोग्य, विश्वसनीय एवम् आधुनिक ऊर्जा सेवाहरूमा विश्वव्यापी पहुँच सुनिश्चित गर्ने ।

७.२ सन् २०३० सम्म विश्वव्यापी ऊर्जा सम्मिश्रणमा नवीकरण गर्न सकिने ऊर्जाको हिस्सेदारी उल्लेखनीय ढङ्गले वृद्धि गर्ने ।

७.३ सन् २०३० सम्म ऊर्जा क्षमतामा सुधारको विश्वव्यापी दरलाई दोब्बर पार्ने ।

७.क सन् २०३० सम्म पुनर्प्रयोगयोग्य ऊर्जा, ऊर्जा क्षमता र परिस्कृत तथा स्वच्छ फोसिल-इन्धन प्रविधिसमेत स्वच्छ ऊर्जा अनुसन्धान तथा प्रविधिमा पहुँचलाई सहज तुल्याउनका लागि अन्तर्राष्ट्रिय सहयोग वृद्धि गर्ने र ऊर्जा संरचना एवम् स्वच्छ ऊर्जा प्रविधिका क्षेत्रमा लगानी प्रवर्धन गर्ने ।

७.ख सन् २०३० सम्म विकासोन्मुख देशहरू विशेष गरि अति कम विकसित देशहरू, साना प्राय:द्वीपीय राज्यहरू र भूपरिवेष्ठित विकासोन्मुख देशहरूमा उनीहरूका निम्ति निर्धारित सहयोग कार्यक्रमहरूकै अनुरूप, आधुनिक तथा दिगो ऊर्जा सेवाहरूको आपूर्तिका लागि आवश्यक संरचना विस्तार एवम् प्रविधिको स्तरोन्नति गर्ने ।

## उद्देश्य ८. सबैका लागि समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण रोजगारी र सम्मानजनक काम र प्रवर्धन गर्ने

8 DECENT WORK AND ECONOMIC GROWTH

८.१ राष्ट्रिय परिस्थिति अनुरूप प्रतिव्यक्ति आर्थिक वृद्धि स्थिर राख्ने, विशेष गरि अति कम विकसित देशहरूमा वार्षिक कुल गार्हस्थ्य उत्पादन वृद्धि दर कम्तिमा ७ प्रतिशत पुऱ्याउने ।

८.२ अतिरिक्त उच्च मूल्य र श्रम-सघन क्षेत्रहरूमा ध्यान केन्द्रीकरणमार्फत समेत विविधिकरण, प्राविधिकरण स्तरोन्नति र नयाँ खोजहरूमार्फत आर्थिक उत्पादकत्वका उच्चतर तह/स्तर हासिल गर्ने ।

८.३ उत्पादनशील गतिविधि, सम्मानजनक कामको सिर्जना, उद्यमशीलता, सिर्जनात्मकता र नवीन खोजहरूलाई सहयोग/समर्थन गर्ने विकास-उन्मुख/लक्ष्यित नीतिहरू प्रवर्धन गर्ने र वित्तीय सेवाहरूमा सुलभ पहुँचमार्फत समेत लघु, साना एवम् मझौला आकारका उद्यमहरूको स्थापना र वृद्धि/प्रगतिका लागि उत्प्रेरित गर्ने ।

८.४ दिगो उपभोग एवम् उत्पादन सम्बन्धी कार्यक्रमहरूको १० बर्से संरचना अनुरूप र विकसित देशहरूको नेतृत्व रहने गरि, उपभोग एवम् उत्पादनबारे विश्वव्यापी साधनस्रोत क्षमता र आर्थिक विकासलाई वातावरणीय विनाशबाट पृथक् राख्ने प्रयासहरूमा सन् २०३० र त्यसपछिसम्म पनि निरन्तर प्रगति/परिमार्जन गर्दै जाने ।

८.५ सन् २०३० सम्म सबै महिला र पुरूषहरू, युवाहरू तथा अपाङ्गता भएका मानिसहरूसमेतका लागि पूर्ण एवम् उत्पादनशील रोजगारी तथा सम्मानजनक काम र समान मूल्यको कामका लागि समान पारिश्रमिक हासिल गर्ने ।

८.६ सन् २०२० सम्म रोजगारी, शिक्षा अथवा तालिममा संलग्न नरहेका युवाहरूको अनुपात उल्लेख्य रूपमा कटौती गर्ने ।

८.७ इच्छा विरूद्धको जबरजस्ती श्रम उन्मूलन, आधुनिक दासता एवम् मानव बेचविखनको अन्त्य गर्नका लागि तत्काल एवम् प्रभावकारी मापदण्डहरू अपनाउने र बालसैनिकको भर्ती र प्रयोग समेत बालश्रमका सबैभन्दा नराम्रा स्वरूपहरूको निषेध तथा उन्मूलन सुरक्षित गन र सन् २०२५ सम्म त्यसका सबै स्वरूपहरूसहित बालश्रमको अन्त्य गर्ने ।

८.८ श्रम अधिकारको संरक्षण गर्ने तथा सबै श्रमिक/कामदारहरू, विशेष गरि महिला आप्रवासीहरूसहित आप्रवासी श्रमिकहरू र अनिश्चित एवम् जोखिमपूर्ण रोजगारीमा रहेकाहरू समेतका लागि सुरक्षित कार्य-वातावरण प्रवर्धन गर्ने ।

८.९ सन् २०३० सम्म रोजगारी सिर्जना एवम् स्थानीय संस्कृति तथा उत्पादन प्रवर्धक दिगो पर्यटनलाई विकास गर्ने नीतिहरू तर्जुमा र कार्यान्वयन गर्ने ।

८.१० सबैका लागि बैङ्किङ, बिमा एवम् वित्तीय सेवाहरूसम्म पहुँच उत्प्रेरित तथा विस्तार गर्न स्थानीय वित्तीय संस्थाहरूको क्षमता सशक्त तुल्याउने ।

८.क ‘अति कम विकसित देशहरूका निम्ति व्यापार-सम्बन्धित प्राविधिक सहयोगका लागि विस्तारित एकीकृत संरचना’ समेत विकासोन्मुख देशहरू, विशेष गरि अति कम विकसित देशहरूका लागि ‘व्यापारका लागि सहायता’ वृद्धि गर्ने ।

८.ख सन् २०२० सम्म युवा रोजगारका लागि विश्वव्यापी रणनीति विकसित तथा कार्यान्वित गर्ने र अन्तर्राष्ट्रिय श्रम सङ्गठनको विश्वव्यापी रोजगार सम्झौता कार्यान्वयन गर्ने ।

## उद्देश्य ९. प्रतिरोधी संरचना निर्माण गर्ने, दिगो औद्योगिकीकरण प्रवर्धन गर्ने र नयाँ विचारहरूलाई सबलीकरण गर्दै लाने

९.१ सबैका लागि पहुँचयोग्य र समान पहुँचलाई केन्द्रबिन्दु मान्दै आर्थिक विकास तथा मानव हितलाई सहयोग पुग्ने गरि, क्षेत्रीय एवम् सिमाना वारिपारि (ट्रान्सबोर्डर) का पूर्वाधार संरचनासमेत स्तरीय, भरपर्दो, दिगो र सशक्त पूर्वाधार संरचना विकास गर्ने ।

९.२ समावेशी तथा दिगो औद्योगिकीकरणलाई प्रवर्धन गर्ने र सन् २०३० सम्म राष्ट्रिय परिस्थितिअनुरूप रोजगारी र कुल गार्हस्थ्य उत्पादन उद्योग क्षेत्रबाट हुनसक्ने साझेदारी उल्लेख्य ढङ्गले वृद्धि गर्ने र अति कम विकसित देशहरूमा यो साझेदारी दोब्बर पुऱ्याउने ।

९.३ विशेष गरि विकासोन्मुख देशहरूमा सानो आकारका उद्योगधन्दा एवम् उद्यमहरूको पहुँच/प्राप्तियोग्य ऋण समेतका वित्तीय सेवाहरू र मूल्य-शृङ्खला एवम् बजारसित तिनीहरूको एकीकरणमा पहुँच वृद्धि गर्ने ।

९.४ सन् २०३० सम्म सबै देशहरूले आ-आफनो क्षमताअनुरूप

कार्ययोजना अगाडि बढाउने गरि साधनस्रोत प्रयोग गर्ने, बढ्दो क्षमता र स्वच्छ एवम् वातावरणीय दृष्टिकोणले स्वस्थ प्रविधि तथा औद्योगिक प्रक्रियाहरूको बृहत् ग्रहणशीलता अङ्गीकार गर्दै, पुनर्निर्माण (रेट्रोफिट) गर्दै उद्योग एवम् संरचनाहरूलाई दिगो बनाउन तिनीहरूको स्तरोन्नति गर्ने ।

९.५ विकासोन्मुख देशहरूसहित सबै देशहरूमा सन् २०३० सम्म वैज्ञानिक अनुसन्धान सशक्त तुल्याउने र औद्योगिक क्षेत्रको प्राविधिक क्षमताहरूको स्तरोन्नति गर्ने, नवीन विचारहरूलाई प्रोत्साहन गर्दै प्रति १० लाख मानिसमा काम गर्ने व्यक्तिहरूको सङ्ख्या उल्लेख्य तवरले बढाउने तथा सार्वजनिक/सरकारी एवम् निजी अनुसन्धान तथा विकास खर्च वृद्धि गर्ने ।

९.क अफ्रिकी देशहरू, अति कम विकसित देशहरू, भूपरिवेष्ठित विकासोन्मुख देशहरू र साना टापूहरूमा र प्राविधिक एवम् प्रविधिजन्य सहयोगमार्फत विकासोन्मुख देशहरूमा दिगो एवम् प्रतिरोधी संरचनाहरूको विकासका निम्ति सहजीकरण गर्ने ।

९.ख अन्य कुराहरूका अतिरिक्त औद्योगिक विविधता र सामानहरूमा मूल्य अभिवृद्धिका लागि व्यवहारिक नीति लागु हुने वातावरण सुनिश्चित गर्दै विकासोन्मुख देशहरूमा स्थानीय प्रविधि विकास, अनुसन्धान एवम् नवीन खोजहरूलाई सहयोग/समर्थन गर्ने ।

९.ग देशहरूमा इन्टरनेट सुविधामा विश्वव्यापी तथा प्राप्तियोग्य पहुँच गराउन सशक्त प्रयत्न गर्ने ।

## उद्देश्य १०. देशभित्र र देशहरूबीचको असमानता कम गर्ने

REDUCED INEQUALITIES

१०.१ सन् २०३० सम्म जनसङ्ख्याको सर्वाधिक तल्लोस्तरमा रहेका ४० प्रतिशत मानिसको आय वृद्धि राष्ट्रिय औसतभन्दा उच्च तहमा प्रगतिशील ढङ्गले हासिल गर्दै त्यसलाई कायम राख्ने ।

१०.२ सन् २०३० सम्म उमेर, लिङ्ग, अपाङ्गता, वर्ण, जातीयता, उत्पत्ति/मूलथलो, धर्म वा आर्थिक वा अन्य स्तर जे जस्तो रहे/भए पनि सबैका लागि सामाजिक, आर्थिक एवम् राजनीतिक समावेशितालाई सबल र प्रवर्धन गर्ने ।

१०.३ विभेदकारी ऐन कानुन, नीति एवम् अभ्यासहरूको उन्मूलन र समुचित विधेयक, नीति एवम् कार्ययोजनाहरूको प्रवर्धनसमेत अवसरको समानता, सुनिश्चित र नीतिगत परिणामका रूपमा रहेका असमानताहरू कम गर्ने ।

१०.४ नीतिहरू: विशेष गरि वित्तीय, ज्यालासम्बन्धी एवम् सामाजिक सुरक्षा नीतिहरू अङ्गीकार गर्ने र क्रमश: बृहत् समानता हासिल गर्ने ।

१०.५ विश्वव्यापी वित्तीय बजार र संस्थाहरूको व्यवस्थापन तथा तिनीहरूको निगरानीमा सुधार गर्ने र सम्बन्धित यस्ता व्यवस्थापन नीति- नियमहरूको कार्यान्वयन सशक्त तुल्याउने ।

१०.६ विश्वव्यापी रूपमा अन्तर्राष्ट्रिय आर्थिक एवम् वित्तीय संस्थाहरूलाई बढी प्रभावकारी, विश्वसनीय, जिम्मेवार र मान्य बनाउन ती संस्थाहरूको निर्णय प्रक्रियामा विकासोन्मुख देशहरूको अर्थपूर्ण प्रतिनिधित्व एवम् आवाज सुनिश्चित गर्ने ।

१०.७ योजनाबद्ध तथा सुव्यवस्थित आप्रवासन नीतिहरूको कार्यान्वयनसमेत मानिसहरूको व्यवस्थित, सुरक्षित, नियमित एवम् उत्तरदायित्वपूर्ण आप्रवासन तथा आवतजावत सहज बनाउने ।

१०.क विश्व व्यापार सङ्गठनका सहमति/सम्झौताअनुरूप विकासोन्मुख देशहरू: विशेष गरि अति कम विकसित देशहरूमा विशेष तथा फरक सम्बोधनका सिद्धान्तहरू कार्यान्वयन गर्ने ।

१०.ख सबैभन्दा बढी आवश्यकता भएका देशहरू, अझ खास गरि कम विकसित देशहरू, अफ्रिकी देशहरू, साना प्राय:द्वीपीय विकासोन्मुख देशहरू र भूपरिवेष्ठित विकासोन्मुख देशहरूलाई उनीहरूका राष्ट्रिय योजना एवम् कार्यक्रमहरू अनुरूप, विदेशी प्रत्यक्ष लगानीसमेत औपचारिक विकास सहयोग एवम् वित्तीय सहायतालाई प्रोत्साहन गर्ने ।

१०.ग सन् २०३० सम्म आप्रवासन विप्रेषणको कारोबार शुल्क ३ प्रतिशतभन्दा कममा झार्ने र ५ प्रतिशतभन्दा बढी शुल्क लाग्ने विप्रेषण कारोबारका माध्यमहरू उन्मूलन गर्ने ।

## उद्देश्य ११. सहरहरू र मानव बस्तीलाई समावेशी, सुरक्षित, प्रतिरोधी एवम् दिगो बनाउने

SUSTAINABLE CITIES AND COMMUNITIES

११.१ सन् २०३० सम्ममा पर्याप्त, सुरक्षित र हासिल गर्न सकिने आवास तथा आधारभूत सेवाहरूमा सबैका लागि पहुँच सुनिश्चित गर्ने र सुकुमबासी बस्तीहरूको स्तर उकास्ने ।

११.२ सन् २०३० सम्म जोखिमपूर्ण अवस्थामा रहेकाहरू, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू र जेष्ठ नागरिकहरूको आवश्यकतालाई विशेष ध्यान दिँदै सडक सुरक्षालाई सुधार गरेर तथा उल्लेखनीय रूपमा सार्वजनिक यातायात विस्तार गरेर सबैका लागि सुरक्षित, हासिल गर्न सकिने, पहुँचयोग्य र दिगो यातायात व्यवस्थामा पहुँच दिलाउने ।

११.३ सन् २०३० सम्म सबै देशहरूमा समावेशी र दिगो सहरीकरण तथा सहभागितामूलक, एकीकृत र दिगो मानवबस्ती योजना एवम् व्यवस्थापनका लागि क्षमता अभिवृद्धि गर्ने ।

११.४ विश्वका सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण र सुरक्षा गर्ने प्रयासहरू सशक्त बनाउने ।

११.५ सन् २०३० सम्म गरिबहरू र जोखिमपूर्ण अवस्थामा रहेका मानिसहरूको संरक्षणमा केन्द्रित रहँदै मृतकहरूको सङ्ख्या र प्रभावितहरूको सङ्ख्यामा उल्लेखनीय न्यूनीकरण गर्ने र

जल-उत्पन्न विपद्समेत अन्य विपद्हरूबाट उत्पन्न विश्वको कुल घरेलु उत्पादनको तुलनामा वास्तविक रूपमा प्रत्यक्ष आर्थिक हानिहरू घटाउने ।

११.६ सन् २०३० सम्म वायुको गुणस्तर तथा नगरीय एवम् अन्य फोहोर व्यवस्थापनलाई समेत विशेष ध्यान दिँदै सहरहरूमा प्रतिकूल प्रतिव्यक्ति वातावरणीय प्रभावलाई न्यूनीकरण गर्ने ।

११.७ सन् २०३० सम्म विशेषरूपमा महिला र बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएकाहरूलाई सुरक्षित, समावेशी र पहुँचयोग्य, हरित र सार्वजनिक स्थानमा विश्वव्यापी पहुँच दिलाउने ।

११.क राष्ट्रिय र क्षेत्रीय विकास योजनाहरूलाई सुदृढ बनाउँदै सहरी, सहर आसपास र ग्रामीण क्षेत्रहरू बीच सकारात्मक आर्थिक, सामाजिक र वातावरणीय सम्बन्धलाई टेवा दिने ।

११.ख सन् २०३० सम्म जलवायु परिवर्तन र विपद्को सामना गर्नका लागि समावेशीकरण, साधनस्रोतको प्रभावकारिता, न्यूनीकरण र अनुकूलताको दिशामा एकीकृत नीति र योजनाहरू अवलम्बन र कार्यान्वयन गर्दै आधारभूत रूपमा सहरहरू एवमं मानवबस्तीहरूको सङ्ख्या बढाउने र विपद् जोखिम न्यूनीकरणका लागि *सेन्डाई फ्रेमवर्क २०१५-२०३०* सँग सामञ्जस्य हुने गरि सबै तहमा समग्र विपद् जोखिम व्यवस्थापन विकास तथा कार्यान्वयन गर्ने ।

११.ग अति कम विकसित राष्ट्रहरूलाई आर्थिक र प्राविधिक सहायतासहित स्थानीय सामग्रीहरूको सदुपयोगद्वारा दिगो र प्रतिरोधी भवनहरू निर्माणमा सहयोग गर्ने ।

# उद्देश्य १२. दिगो उपभोग एवम् उत्पादन ढाँचालाई सुनिश्चित गर्ने

१२.१ विकासोन्मुख देशहरूको विकास एवम् क्षमतालाई ध्यानमा राख्दै र विकसित देशहरूले नेतृत्व लिँदै सबै देशहरूले व्यवहारमा उतार्ने गरि दिगो उपभोग र उत्पादनसम्बन्धी कार्यक्रमको दश वर्ष ढाँचालाई कार्यान्वयन गर्ने ।

१२.२ सन् २०३० सम्म दिगो व्यवस्थापन र प्राकृतिक साधन स्रोतहरूको प्रभावकारी प्रयोग हासिल गर्ने ।

१२.३ सन् २०३० सम्म थोक बिक्रेता एवम् उपभोक्ताको तहमा प्रतिव्यक्ति विश्वव्यापी खानाको दुरूपयोग आधा कम गर्ने र उत्पादन तथा आपूर्ति शृङ्खलासँगै खेतीपातीमा लगानी पश्चात्को ह्राससहित खाद्यान्न ह्रासलाई घटाउने ।

१२.४ सहमत अन्तराष्ट्रिय ढाँचाहरूका अनुसार सन् २०२० सम्म रसायनहरू र तिनको जीवनचक्रका सबै फोहरहरूको वातावरणीय रूपमा सबल व्यवस्थापन हासिल गर्ने र मानव जीवन तथा वातावरणमा तिनको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न उल्लेखनीयरूपमा वायु, जल तथा माटोमा तिनको उत्सर्जन कम गर्ने ।

१२.५ सन् २०३० सम्म रोकथाम, न्यूनीकरण, पुनर्प्रक्रिया र पुनर्प्रयोगद्वारा फोहर उत्पादन आधारभूतरूपमा घटाउने ।

१२.६ विशेषतः ठूला एवम् अन्तरर्देशीय कम्पनीहरूलाई दिगो अभ्यास अवलम्बन गर्न र दिगोपनासम्बन्धी सूचनाहरूलाई तिनका रिपोर्टिङ चक्रमा समाहित गर्न प्रोत्साहन गर्ने ।

१२.७ राष्ट्रिय नीति र प्राथमिकता अनुसार दिगो रहेका सार्वजनिक प्राप्तिका अभ्यासहरूलाई प्रोत्साहन गर्ने ।

१२.८ सन् २०३० सम्म दिगो विकास र प्रकृतिसँग सामञ्जस्य राख्ने जीवनशैलीका लागि सबैतिरका जनतासँग सान्दर्भिक सूचना र चेतना भएको सुनिश्चित गर्ने ।

१२.क विकासोन्मुख देशहरूलाई उपभोग र उत्पादनका थप दिगो ढाँचाहरूतर्फ अग्रसर हुनका लागि उनीहरूको वैज्ञानिक र प्राविधिक क्षमतालाई सबल बनाउन सहयोग गर्ने ।

१२.ख रोजगारी सिर्जना र स्थानीय संस्कृति तथा उत्पादनलाई प्रवर्धन गर्ने दिगो पर्यटनका लागि दिगो विकासका प्रभावहरूलाई मूल्याङ्कन गर्न संयन्त्रहरूको विकास र कार्यान्वयन गर्ने ।

१२.ग बजार-विकृतिलाई हटाएर रीष्ट्रिय परिस्थितिअनुसार अत्यधिक उपभोगलाई बढाउने अप्रभावकारी फोसिल-इन्धन अनुदान पुष्टि गर्ने ।

# उद्देश्य १३. जलवायु परिवर्तन र यसका प्रभावविरुद्ध सङ्घर्ष गर्न अत्यावश्यक कार्ययोजना सञ्चालन गर्ने

१३.१ सबै देशहरूमा जलवायुसम्बन्धी जोखिम एवम् प्राकृतिक विपद्हरू विरूद्ध जुध्न प्रतिरोधी तथा अनुकूलन क्षमता सशक्त तुल्याउने ।

१३.२ जलवायु परिवर्तनसम्बन्धी मापदण्डहरूलाई राष्ट्रिय नीति, रणनीति र योजनाहरूसित एकीकृत गर्ने/गराउने ।

१३.३ जलवायु परिवर्तन न्यूनीकरण, अनुकूलन, प्रभाव न्यूनीकरण र पूर्ण/शीघ्र चेतावनी सम्बन्धमा शिक्षा, सचेतना, जागृति र मानवीय तथा संस्थागत क्षमता/दक्षतामा सुधार गर्ने ।

१३.क अर्थपूर्ण न्यूनीकरण कार्ययोजना एवम् कार्यान्वयनमा पारदर्शिताका सन्दर्भमा विकासोन्मुख देशका आवश्यकताहरू सम्बोधन गर्न जलवायु परिवर्तनसम्बन्धी *संयुक्त राष्ट्रसङ्घीय संरचना सम्मेलन* (फ्रेमवर्क कन्भेन्सन) मा विकसित देशहरूको समूहले सबै स्रोतहरूबाट सन् २०२० सम्म संयुक्तरूपले वार्षिक १०० अर्ब डलर रकम परिचालन गर्ने भनी व्यक्त गरेको प्रतिबद्धता कार्यान्वयन गर्ने ।

१३.ख अति कम विकसित देशहरू र साना प्रायद्वीपीय विकासोन्मुख मुलुकहरूमा खास गरि महिला, युवा र स्थानीय एवम् सीमान्तकृत समुदायहरूमा केन्द्रित रहँदै जलवायु परिवर्तनसम्बन्धी प्रभावकारी योजना एवम् व्यवस्थापनका लागि क्षमता बढाउने संयन्त्र प्रवर्धन गर्ने ।

## उद्देश्य १४. महासागर, समुद्र र सामुद्रिक साधनस्रोतहरूको संरक्षण एवम् दिगो प्रयोग

14 LIFE BELOW WATER

१४.१ सन् २०२५ सम्म विशेष गरि समुद्री फोहर र पौष्टिक आहार उत्पादित प्रदूषणसमेत, जमिनी क्रियाकलापहरूबाट हुने सबै किसिमका सामुद्रिक प्रदूषणको रोकथाम र उल्लेख्य अनुपातमा न्यूनीकरण गर्ने ।

१४.२ सन् २०२० सम्म उल्लेखनीय नकारात्मक प्रभाव पन्छ्याउन समुद्री तथा तटीय पर्यावरण, ती क्षेत्रको प्रतिरोधी क्षमता सशक्त तुल्याउँदै दिगो व्यवस्थापन एवम् संरक्षण गर्ने, तथा स्वस्थ एवम् उर्वर समुद्र निर्माण गर्नका लागि तिनीहरूको पुनर्व्यवस्थापनका लागि कार्य अगाडि बढाउने ।

१४.३ सबै तह र स्तरमा वैज्ञानिक सहयोगको वृद्धिसमेत समुद्रको तेजाबीकरणका प्रभावहरूलाई सम्बोधन एवम् न्यूनीकरण गर्ने।

१४.४ सन् २०२० सम्म अनियन्त्रित मत्स्यपालन तथा अत्यधिक माछा मार्ने, अवैध, गोप्य र अनियन्त्रित ढङ्गले माछा मार्ने तथा विध्वंसात्मक तरिकाले माछा मार्ने गतिविधिहरूलाई प्रभावकारी किसिमले अनियन्त्रित गर्ने र सम्भव भएसम्म लघुत्तम समयावधिमा माछाको सङ्ख्या पुन:भण्डारण कम्तिमा तिनीहरूको जैविक विशेषताहरूले माग गरेबमोजिम अधिकतम एवम् दिगो उत्पादन हुनसक्ने स्तरसम्म गर्नका लागि विज्ञान-आधारित व्यवस्थापन योजनाहरू कार्यान्वयन गर्ने।

१४.५ सन् २०२० सम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमातहत रहँदै र उपलब्ध श्रेष्ठतम् वैज्ञानिक सूचनाहरूमा आधारित भई कम्तिमा १० प्रतिशत तटीय तथा समुद्री क्षेत्रहरूको संरक्षण गर्ने।

१४.६ सन् २०२० सम्म अनियन्त्रित मत्स्य कारोबारलाई सघाउने गरि विद्यमान मत्स्य उद्योगहरूलाई उपलब्ध निश्चित प्रकारका सहुलियतहरू निषेध गर्ने, अवैध, लुकीछिपी र अनियन्त्रित किसिमले माछा मार्न सहयोग पुर्‍याउने सहुलियतहरू उन्मूलन गर्ने र विकासोन्मुख तथा अति कम विकसित देशहरूका लागि उपयुक्त एवम् प्रभावशाली विशेष तथा फरक उपचार विश्व व्यापार सङ्गठनअन्तर्गतको मत्स्य उद्योग सहुलियतसम्बन्धी सहमति/सम्झौताको अविभाज्य हिस्सा हुनुपर्छ भन्ने मान्यतालाई स्वीकार गर्दै माथि उल्लेख भएजस्ता नयाँ सहुलितहरू दिन रोक लगाउने ।

१४.७ सन् २०३० सम्म माछा व्यवसाय, जलीय संस्कृति र जल पर्यटनको दिगो व्यवस्थापनसमेत सामुद्रिक साधनस्रोतहरूको दिगो प्रयोगबाट साना प्रायःद्वीपीय विकासोन्मुख देश र अति कम विकसित देशहरूलाई हुने आर्थिक लाभ वृद्धि गर्ने ।

१४.क समुद्रको स्वास्थ्य सुधार गर्न र विकासोन्मुख देशहरू, खास गरि साना प्रायद्वीपीय विकासोन्मुख देश र अति कम विकसित देशहरूको विकासमा सामुद्रिक जैविक विविधताबाट हुने योगदानमा वृद्धि गर्नका लागि सामुद्रिक प्रविधि हस्तान्तरण सम्बन्धी अन्तरसरकारी समुद्रशास्त्रीय आयोगका आधार एवम् निर्देशिकाहरूलाई दृष्टिगत गर्दै वैज्ञानिक ज्ञान वृद्धि,

अनुसन्धान क्षमता वृद्धि र सामुद्रिक प्रविधि हस्तान्तरण गर्ने ।

१४.ख साना व्यवसायिक माझीहरूलाई सामुद्रिक साधनस्रोत एवम् बजारहरूमा पहुँच उपलब्ध गराउने ।

१४.ग समुद्र र तिनका साधनस्रोतहरूको संरक्षण एवम् दिगो प्रयोगका लागि कानुनी आधार प्रदान गर्ने समुद्री कानुनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलनमा प्रतिविम्बित अन्तर्राष्ट्रिय कानुन कार्यान्वयन गर्दै *'द फ्युचर वी वान्ट'* को परिच्छेद १५८ मा उल्लेख गरिएजस्तै समुद्र र तिनका साधनस्रोतहरूको संरक्षण एवम् दिगो प्रयोगलाई बढाउने ।

## उद्देश्य १५. वनजङ्गलको दिगो व्यवस्थापन, मरूभूमीकरण विरूद्ध सङ्घर्ष, भूमि क्षयीकरण रोक्ने र त्यसलाई उल्ट्याउने र जैविक विविधता ह्रासलाई रोक्ने

१५.१ सन् २०२० सम्म अन्तर्राष्ट्रिय सन्धि/सहमति अनिवार्य परिपालना हुनुपर्ने अवस्थाअनुरूप थलीय एवम् भित्रीप्रदेशीय भूमिको ताजाजलीय पर्यावरण र तिनका सेवाहरू, खास गरि जङ्गल, सिमसार, पहाड र सुख्खा भूमिहरूको संरक्षण, पुनर्स्थापन र दिगो प्रयोग सुनिश्चित गर्ने ।

१५.२ सन् २०२० सम्म सबै किसिमका वनजङ्गलहरूको दिगो व्यवस्थापन कार्यान्वयनलाई प्रवर्धन गर्ने, वनविनाश रोक्ने, क्षयीकृत वनजङ्गलहरू पुनर्स्थापना गर्ने र वनवृद्धि एवम् वृक्षारोपणमा उल्लेख्य ढङ्गले विश्वव्यापी वृद्धि गर्ने ।

१५.३ सन् २०३० सम्म मरूभूमिकरणविरूद्ध सङ्घर्ष गर्ने, मरूभूमिकरण, सुख्खा र बाढीले प्रभावित जमिनसमेत क्षयीकृत भूमि एवम् माटो पुनर्स्थापित गर्ने र क्षयीकरण-तटस्थ भूमियुक्त विश्व निर्माणको प्रयास गर्ने ।

१५.४ सन् २०३० सम्म दिगो विकासका लागि अत्यावश्यक फाइदा पुऱ्याउने पहाडको क्षमता अभिवृद्धि गर्नका लागि तिनीहरूको सम्पूर्ण जैविक विविधतासमेत पहाडी पर्यावरणको संरक्षण सुनिश्चित गर्ने ।

१५.५ प्राकृतिक बासस्थानहरूको क्षयीकरण कम गर्न , जैविक विविधता ह्रास रोक्न र सन् २०२० सम्म जोखिमपूर्ण अवस्थामा रहेका जाति/प्रजातिहरूको लोप हुने अवस्था रोकथाम गर्न तत्कालै अनिवार्य एवम् महत्वपूर्ण कारबाही सञ्चालन गर्ने ।

१५.६ आनुवंशिक साधनस्रोतहरूको सदुपयोगबाट प्राप्त हुने लाभमा स्वच्छ एवम् समान साझेदारी/ बाँडफाँडलाई प्रवर्धन गर्ने र अन्तर्राष्ट्रियस्तरमा सहमति भएअनुरूप यस्ता साधनस्रोतहरूमा समुचित पहुँचलाई प्रवर्धन गर्ने ।

१५.७ संरक्षित वनस्पतिका जाति/प्रजातिहरूको अवैध सिकार तथा बेचविखन अन्त्य गर्न र अवैध वन्यजन्तु उत्पादनहरूको माग एवम् आपूर्तिलाई सम्बोधन गर्न अपरिहार्य कारबाही अगाडि बढाउने ।

१५.८ सन् २०२० सम्म भूमि तथा जल पर्यावरणमा आक्रामक जीव/प्रजातिहरूको प्रभाव उल्लेख्यरूपमा कटौती गर्न आवश्यक मापदण्डहरू अपनाउने र त्यसमा खास किसिमका जातिहरूलाई नियन्त्रण वा उन्मूलन गर्ने ।

१५.९ सन् २०२० सम्म पर्यावरण र जैविक विविधतासम्बन्धी मूल्य-मान्यताहरूलाई राष्ट्रिय तथा स्थानीय नीति निर्माण, विकास प्रक्रिया र गरिबी निवारण रणनीतिहरूसँग एकीकृत गर्ने ।

१५.क जैविक विविधता र पर्यावरणको संरक्षण एवम् दिगो प्रयोगका लागि सबै साधनस्रोतहरूबाट वित्तीय स्रोतमा उल्लेख्य वृद्धि गर्दै त्यसलाई परिचालन गर्ने ।

१५.ख दिगो वनजङ्गल व्यवस्थापनका लागि सबै तह र स्तरमा सबै स्रोतहरूबाट साधनस्रोतहरूको उल्लेख्य परिचालन गर्ने र विकासोन्मुख देशहरूलाई संरक्षण एवम् पुनःवन्यकरण समेत यस्तो व्यवस्थापन प्रवर्धन गर्न पर्याप्त प्रोत्साहन उपलब्ध गराउने ।

१५.ग जीविकाका लागि दिगो अवसरहरूको खोजीका निम्ति स्थानीय समुदायहरूको क्षमता अभिवृद्धिसमेत संरक्षित जाति/प्रजातिहरूको अवैध सिकार एवम् बेचविखनविरूद्ध जुझ्नका लागि विश्वव्यापी सहयोग/समर्थन वृद्धि गर्ने ।

# उद्देश्य १६. दिगो विकासकालागि न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजहरू प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच गराउने र सबै तहमा प्रभावकारी, उत्तरदायी र समावेशी संस्थाहरूको निर्माण गर्ने ।

16 PEACE, JUSTICE AND STRONG INSTITUTIONS

१६.१ जहाँसुकै हुने सबै प्रकारका हिंसा र सम्बन्धित मृत्यु दरहरू उल्लेखनीय रूपमा घटाउने ।

१६.२ दुर्व्यवहार, शोषण, ओसारपसार र बालबालिकाविरूद्धका सबै प्रकारका हिंसा र यातनाहरू अन्त्य गर्ने ।

१६.३ राष्ट्रिय र अन्तराष्ट्रिय तहमा विधिको शासनलाई प्रवर्धन गर्ने र सबैका लागि न्यायमा समान पहुँच सुनिश्चित गर्ने ।

१६.४ सन् २०३० सम्म अवैध वित्तीय र हातहतियारको प्रवाह घटाउने, चोरिएका बस्तुहरूको क्षतिपूर्ति (रिकभरी) लाई सुदृढ बनाउने र सबै प्रकारका सङ्गठित अपराधलाई परास्त गर्ने ।

१६.५ सबैरूपका भ्रष्टाचार र घुसखोरीलाई आधारभूत ढङ्गले घटाउने ।

१६.६ सबै तहमा प्रभावकारी, उत्तरदायी र पारदर्शी संस्थाहरू विकास गर्ने ।

१६.७ सबै तहमा जवाफदेही, समावेशी, सहभागितात्मक र प्रतिनिधिमूलक निर्णय प्रक्रिया सुनिश्चित गर्ने ।

१६.८ विश्वव्यापी शासनका संयन्त्रहरूमा विकासोन्मुख देशहरूको सहभागितालाई विस्तारित र सुदृढ बनाउने ।

१६.९ सन् २०३० सम्म सबैका लागि जन्म-दर्तासमेतका कानुनी पहिचान प्रदान गर्ने ।

१६.१० राष्ट्रिय कानुन र अन्तराष्ट्रिय प्रतिबद्धताअनुसार सूचनामा सार्वजनिक पहुँच र आधारभूत स्वतन्त्रताको संरक्षण सुनिश्चित गर्ने ।

१६.क विशेषतः विकासोन्मुख मुलुकहरूमा अन्तर्राष्ट्रिय सहयोगमा समेत हिंसाको रोकथाम गर्न र आतङ्कवाद तथा अपराधलाई परास्त गर्न सबै तहमा क्षमता वृद्धिका लागि सान्दर्भिक राष्ट्रिय संयन्त्रहरूको सुदृढीकरण गर्ने ।

१६.ख दिगो विकासका लागि अविभेदपूर्ण कानुन र नीतिहरू प्रवर्धन तथा कार्यान्वयन गर्ने ।

# उद्देश्य १७ : दिगो विकासका लागि विश्वव्यापी साझेदारी र यसको कार्यान्वयनलाई पुन:सशक्त बनाउने

## वित्त

१७.१ कर र अन्य प्रकारका राजस्व सङ्कलनका लागि घरेलु क्षमतामा सुधार ल्याउन विकासोन्मुख देशहरूलाई अन्तर्राष्ट्रिय सहयोगको माध्यमद्वारा समेत घरेलु साधनस्रोतको परिचालन सुदृढ बनाउने ।

१७.२ विकसित देशहरूले आफ्नो आधिकारिक सहायता प्रतिबद्धता, धेरैवटा विकसित देशहरूले विकासोन्मुख देशहरूलाई ०.७ प्रतिशत र कम विकसित देशहरूलाई ०.१५- ०.२० प्रतिशत बाह्य विकास सहायता/जिएनआई उपलब्ध गराउन राखेको लक्ष्यको प्रतिबद्धता समेतलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने । बाह्य विकास सहायता दाताहरूलाई कम विकसित देशहरूलाई बाह्य विकास सहायता/जिएनआईको कम्तिमा ०.२० प्रतिशत उपलब्ध गराउने लक्ष्य निर्धारणमा ध्यान दिन प्रोत्साहन गरिन्छ ।

१७.३ विकासोन्मुख देशहरूका लागि बहुपक्षीय स्रोतहरूबाट थप आर्थिक साधनस्रोत परिचालन गर्ने ।

१७.४ विकासोन्मुख देशहरूलाई उपयुक्त रूपमा ऋण लगानी प्रवर्धन, ऋण उन्मुक्ति र ऋण पुनर्संरचनामा लक्षित

गरिएका संयोजित नीतिहरूद्वारा दीर्घकालीन ऋण दिगोपन प्राप्त गर्न सहयोग गर्ने र उच्च ऋणमा डुबेका गरिब देशहरूको ऋण तनाव घटाउनका लागि उनीहरूको बाह्य ऋणलाई सम्बोधन गर्ने ।

१७.५ कम विकसित देशहरूका लागि लगानी प्रवर्धन क्षेत्रहरू अवलम्बन र कार्यान्वयन गर्ने ।

## प्रविधि

१७.६ विज्ञान, प्रविधि र नवीन खोज तथा तिनको पहुँचमा उत्तर दक्षिण, दक्षिण दक्षिण र त्रिकोणीय क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय सहयोग बढाउने र विशेषतः संयुक्त राष्ट्रसङ्घीय तहमा विद्यमान संयन्त्रहरूबीच सुधारिएको सहयोगको माध्यमद्वारा र विश्वव्यापी प्रविधि सहजीकरण संयन्त्रद्वारा समेत आपसी सहमतिका सर्तहरूमा ज्ञानको आदानप्रदान अभिवृद्धि गर्ने ।

१७.७ आपसी सहमतिअनुसार सहमतियुक्त र प्राथमिकतापूर्ण सर्तहरूसमेत अनुकूल सर्तहरूमा विकासोन्मुख देशहरूलाई वातावरणीयरूपमा सुदृढ प्रविधिहरूको विकास, हस्तान्तरण, वितरण र सम्प्रेषणको प्रवर्धन गर्ने ।

१७.८ सन् २०१७ सम्म अति कम विकसित देशहरूका लागि प्रविधि बैङ्क र विज्ञान, प्रविधि र नवीन खोज क्षमता-निर्माण संयन्त्रहरूको पूर्ण सञ्चालन गर्ने र विशेषतः सूचना तथा सञ्चार प्रविधिमासमेत सबलीकृत प्रविधिको प्रयोग सुदृढ बनाउने ।

## क्षमता निर्माण

१७.९ सबै दिगो विकास लक्ष्यहरू कार्यान्वयन गर्नका लागि राष्ट्रिय योजनाहरूमा सहयोग गर्न विकासोन्मुख देशहरूमा प्रभावकारी र लक्षित क्षमता निर्माण कार्यान्वयनका लागि उत्तर दक्षिण, दक्षिण दक्षिण र त्रिकोणीय क्षेत्रहरूसमेत अन्तर्राष्ट्रिय सहयोगलाई सुदृढ बनाउने ।

## व्यापार

१७.१० *दोहा विकास एजेन्डा* अन्तर्गतका वार्ताका निष्कर्षसमेत विश्व व्यापार सङ्गठनअन्तर्गत विश्वव्यापी, विधिआधारित, खुला, अविभेदपूर्ण र समतामूलक बहुपक्षीय व्यापार पद्धति प्रवर्धन गर्ने ।

१७.११ सन् २०२० सम्म विश्वव्यापी निर्यातमा विशेषत: अति कम विकसित देशहरूको हिस्सालाई दोब्बर गर्ने दृष्टिकोणसहित विकासोन्मुख देशहरूको निर्यातलाई उल्लेखनीय रूपमा वृद्धि गर्ने ।

१७.१२ अति कम विकसित देशहरूको निर्यातमा लागु हुने सुरूवातलाई प्राथमिकता दिने नियम, जुन पारदर्शी र सरल छन्, तिनलाई सुनिश्चितसमेत विश्व व्यापार सङ्गठनका निर्णयहरूसँग अनुकूल हुने गरि सबै अति कम विकसित देशहरूका लागि दिगो आधारमा करमुक्त स्वतन्त्र बजारमा पहुँचको समयोचित कार्यान्वयनलाई आत्मसात् गर्ने र बजार पहुँच सहजीकरणमा योगदान गर्ने ।

## पद्धतिगत सवालहरू

### *नीति र संस्थागत सङ्गति*

१७.१३ नीतिगत समन्वय र नीतिगत सङ्गतिसमेत विश्वव्यापी बृहत् अर्थतन्त्रीय स्थिरता सुदृढ गर्ने ।

१७.१४ दिगो विकासका लागि नीतिगत सङ्गति बढाउने ।

१७.१५ गरिबी निवारण र दिगो विकासका नीतिहरूलाई स्थापित र कार्यान्वयन गर्न हरेक देशका नीतिगत क्षेत्र र नेतृत्वलाई आदर गर्ने ।

### *बहुसरोकारवाला बीच साझेदारी*

१७.१६ दिगो विकासका लागि विश्वव्यापी साझेदारी, जुन सबै देशहरूमा, विशेषत: विकासोन्मुख देशहरूमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न सहयोग पुऱ्याउनका लागि ज्ञान, विज्ञता, प्रविधि र आर्थिक साधनस्रोतहरूको परिचालन र आदानप्रदान गर्ने बहुसरोकारवाला बीचको साझेदारीद्वारा सबल पारिएको छ, तिनलाई सुदृढ गर्ने ।

१७.१७ अनुभव तथा साझेदारीको साधनस्रोत रणनीतिमा तयार भएको सार्वजनिक, सार्वजनिक-निजी र नागरिक समाजको प्रभावकारी साझेदारीलाई प्रोत्साहन एवम् प्रवर्धन गर्ने ।

## तथ्याङ्क, अनुगमन र जवाफदेहिता

१७.१८ सन् २०२० सम्म उच्चस्तरीय, समयोचित र भरपर्दो तथ्याङ्क, जुन आय, लिङ्ग, उमेर, वर्ण, जातिगत, बसाइँ सराइको अवस्था, अपाङ्गता, भौगोलिक अवस्थिति र राष्ट्रिय सन्दर्भमा प्रासङ्गिक अन्य विशेषताहरूको आधारमा खण्डीकृत गरिएको हुन्छ, तिनको उपलब्धता अति कम विकसित देशहरू र साना प्रायद्वीपीय विकासोन्मुख राज्यहरूसमेत विकासोन्मुख देशहरूका लागि उल्लेखनीय रूपमा अभिवृद्धि गर्न क्षमता-निर्माणका लागि सहयोग बढाउने ।

१७.१९ सन् २०३० सम्म कुल गार्हस्थ्य उत्पादनमा योगदान गर्ने दिगो विकासको प्रगतिका मापदण्डहरू विकास गर्न विद्यमान पहलकदमीहरू तयार गर्ने र विकासोन्मुख देशहरूमा तथ्याङ्कीय क्षमता-निर्माणमा सहयोग गर्ने ।

# महिलामैत्री विपद् व्यवस्थापनका लागि महिला समूह : एक परिचय

वि.सं. २०७२ साल बैशाख १२ गते नेपालमा गएको महाभूकम्पले १४ जिल्लामा धनजनको ठूलो क्षति भएको थियो। यस महाभूकम्पले करिब ९००० मानवीय क्षति गरेको थियो। यसले लगभग १५ लाख व्यक्तिहरू प्रभावित भएका थिए। प्रत्यक्ष रूपमा यसबाट लगभग १५ लाख महिलाहरूलाई प्रभाव पारेको थियो।

भूकम्प गएको पाँचौं दिन २०७२ साल बैशाख १७ गते लैङ्गिक सवालमा कार्यरत केहि सङ्घ–संस्थाका महिला अधिकारवादीहरू, यूएन वुमन (UN Women) नेपालको कार्यालयमा भेला भएर महिलाहरूको अवस्था के कस्ता रहेका छन् भन्ने बारेमा छलफल गरेका थिए। छलफलमा मुलुकमा घटेको अप्रत्याशित विपद् पछिको उद्धारको कार्यमा महिलाका फरक अवस्था, आवश्यक्ता र तिनलाई सम्बोधन गर्दा ख्याल गर्नु पर्ने विषयलाई समेत पहिचान तथा विश्लेषण गरिएको थियो। भेलाले तत्कालको परिस्थितिलाई सम्बोधन गर्नका लागि महिला समूहको आवश्यकता र त्यसको भूमिका के–कस्तो हुन सक्दछ भन्ने बारेमा छलफल गऱ्यो। यसरी मुलुक आपत्कालिन परिस्थितिमा गुज्रिरहेको बेला महिलाको अवस्थालाई सम्बोधन गर्न विशेष भूमिका निर्वाह गर्ने प्रतिबद्धताका साथ वि. सं. २०७२ साल बैशाख १७ गते महिला समूहको जन्म भएको हो।

देश आपत्कालिन परिस्थितिमा गुज्रिरहेको बेला महिलाको विशेष अवस्था र आवश्यकता सम्बोधन गर्न सामूहिक र आ-आफ्नो संस्थाबाट विभिन्न कार्यहरू गरेका थिए। महिलाको विशेष अवस्था र आवश्यकताबारे ध्यानाकर्षण गर्न साझा मागपत्र (Common Charter of Demand) तयार गरि विभिन्न सरोकारवाला निकायहरूलाई पेश गरेको थियो। यस मागपत्रमा मानवीय सहायताको क्रममा महिला सहभागिता र नेतृत्व, खाद्य सुरक्षा, आश्रय र दिगो जीविकोपार्जन, महिला बालबालिका विरुद्धको हिंसा निवारण र महिलाका लागि विशेष कार्यक्रमहरूसंग सम्बन्धित मागहरू पेश गरिएको थियो। यसैगरी नेपालको Post-disaster Reconstruction and Recovery Framework (PDRF) लैङ्गिक संवेदनशील

बनोस् भन्नाका लागि भूकम्प प्रभावित १४ जिल्लाका महिलाहरू समेतको सहभागितामा राष्ट्रिय महिला सम्मेलन गरि “लैङ्गिक उत्तरदायी विपद् व्यवस्थापन” को आह्वान गर्दै १५ बुँदे काठमाडौं घोषणा-पत्र (Kathmandu Declaration - 2016) जारी गरेको थियो ।

विपद् र विपद् पछिको कार्य अवस्थामा लैङ्गिक समानता प्रवर्द्धन गर्न आपत्कालिन अवस्थामानै जन्मेको यस समूहले दक्षिण एसियाली देशहरूको क्षेत्रिय सम्मेलन "South Asia Peer Learning Regional Consultation on disaster Preparedness for an Effective Response for Gender Equality and Women's Empowerment" मा अडान पत्र (Position Paper) पेश गरेको छ। उक्त पत्रमा विपद्का बेलामा र विपद् पश्चात् यस समूहले गरेका कार्यहरू, त्यसका उपलब्धी, चुनौती तथा सिकाईहरू र आगामी दिनहरूमा विपद् व्यवस्थापनलाई लैङ्गिक उत्तरदायी बनाउनका लागि सुझाव सहित माग गरिएको छ ।

साथै यस महिला समूहले विपद् व्यवस्थापन तथा पूर्वतयारीसंग सम्बन्धित विभिन्न कानुन तथा नीतिहरूमा लैङ्गिकमैत्री प्रावधानका लागि वकालतपत्र (Lobby Document) तयार गरेको छ। जसलाई सम्बन्धित निकायहरूमा पेश गरि राज्यका विपद् सम्बन्धी कानुन र नीतिहरूमा लैङ्गिकमैत्री प्रावधान र यसको प्रभावकारी कार्यान्वयनका लागि पहल गरिनेछ ।

आगामी दिनहरूमा गरिने सम्पूर्ण पूर्वतयारी तथा विपद् व्यवस्थापनलाई लैङ्गिक उत्तरदायी बनाउनका लागि सशक्त भूमिका निर्वाह गर्ने अठोटका साथ यस समूहको नामाकरण Women Friendly Disaster Management (WFDM) Core Group – Nepal गरि रणनीतिक योजना तयार गरिएको छ । यस समूहमा लैङ्गिक तथा महिला अधिकारका क्षेत्रमा कार्यरत संस्थाहरू: एकल महिला समूह, कानून र विकास मञ्च, जागरण नेपाल, दलित महिला संघ (फेडो), बियोण्ड बेइजिङ्ग कमिटी–नेपाल, महिला मिडिया एड्भोकेसी ग्रुप (म्याग), साथी, र होम नेट साउथ एसिया रहेको छन् ।

[i] Written by Ms. Shanta Laxmi Shrestha, Ms. Krishna Kumari Waiba & Ms. Rakshya Paudyal



#50:50by2030

**हरेक तह र क्षेत्रमा**

**५०:५० नेतृत्व २०३० सम्ममा**

-बियोण्ड बेइजिङ्ग कमिटी (बिबिसी)-नेपाल


**राष्ट्रिय महिला आयोग**

पृथ्वीपथ, काठमाण्डौ, ४४६१७

फोन नं. ९७७-१-४२५६७०१

web: www.nwc.gov.np

Email: info@nwc.gov.np

**बियोण्ड बेइजिङ्ग कमिटी (बिबिसी)-नेपाल**

काठमाडौं-१०, बुद्धनगर, नयाँ बानेश्वर

जिपिओ बक्स: ४७५८, फ्याक्स नं.: ९७७-०१-४७८४५८०

फोन नं. ९७७-०१-४७८४६१५

Email:beyondbeijing@wlink.com.np

www.beyondbeijing.org

https://www.facebook.com/BeyondBeijingCommittee

Twitter:@beyondbejing

#50:50by2030